का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ भदौ २०८०,
शनिबार
19 August 2023,
Saturday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २०५। पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

ललिता निवास जग्गा प्रकरण

# पूर्वप्रधानमन्त्रीको बयान लिन हच्कियो सीआईबी


सीआईबीका अनुसन्धान अधिकृतहरु पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग बयान लिन प्रश्नावली तयार गरेर बसेका थिए। तर सत्ता राजनीतिक अंकगणितको प्रभाव र दबाबसामू सीआईबी अगाडि बढ्न सकेको छैन।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ भदौ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ललिता निवासको जग्गा प्रकरणसम्बन्धी मुद्दामा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग बयान हच्किएको छ। पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराईसँग सोधपुछसमेत नगरी ललिता निवास प्रकरण सम्बन्धी मुद्दाको फाइल बुझाउने तयारी भएको छ। सर्वोच्च अदालतको साउन २१ गतेको एउटा फैसलाले पूर्वप्रधानमन्त्रीहरु भट्टराई र नेपालसँग बयान लिन प्रहरीलाई बाटो खुलेको थियो। ललिता निवास प्रकरणमा नीतिगत निर्णय गर्नेमाथि पनि छानबिन गर्न अख्तियारले आदेश दिएको थियो।

तर, पुर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईको बयान लिन नै प्रहरी हच्किचएको छ। सीआईबीका अनुसन्धान अधिकृतहरु पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराईसँग बयान लिन प्रश्नावली तयार गरेर बसेका थिए। तर, सत्ता राजनीतिक अंकगणितको प्रभाव र दबाबसामू सीआईबीको जोर चलेन।


अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार ब्यूरोले पूर्वप्रधानमन्त्रीद्वयमाथि सोधपुछ नै नगरी आइतबार वा सोमबारसम्ममा मुद्दाको



फाइल सरकारी वकिलकहाँ बुझाउनेछ।

सर्वोच्चले साउन २१ गते ललिता निवास मन्त्रिपरिषद्‌बाट निर्णय गर्नेहरुमाथि पनि अनुसन्धान गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो। ललिता निवास जग्गा अनियमितता प्रकरणमा मुछिएका योगराज पौडेलले दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा न्यायाधीश अनिलकुमार सिन्हा र कुमार चुडालको इजलासले नीतिगत निर्णय गर्नेहरुमाथि पनि अनुसन्धान गर्न आदेश दिएको थियो।

माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद्



बैठकले प्रधानमन्त्री निवास विस्तार गर्ने भन्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिने निर्णय गरेको थियो भने भट्टराई नेतृत्वको मन्त्रिपरिषद् बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो। मन्त्रिपरिषद्को निर्णय प्रमाणित गर्ने तत्कालीन मुख्य सचिवहरु माधवप्रसाद घिमिरे र लीलामणि पौडेल पनि अनुसन्धानको दायरामा पर्ने भएका छन घिमिरेको सडक पृष्ठ २ मा

## ‘सत्ता गठबन्धनले घटना सामसुम बनाउने निर्णय गऱ्यो’

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले बालुवाटार जग्गा प्रकरणबारे सत्तारुढ पार्टीका बैठकमा घटना सामसुम पार्ने निर्णय भएको टिप्पणी गरेका छन्।

शुक्रबार भक्तपुरमा आयोजित चाँगुनारायण नगर अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

अध्यक्ष लिङ्देनले सर्वोच्च अदालतले ललितानिवास जग्गा प्रकरणमा मन्त्रीपरिषद्को अध्यक्षता गर्ने व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धानको आदेश दिएपनि सत्ता गठबन्धनले घटना सामसुम बनाउने निर्णय गरेको बताए। उनले जनतालाई भ्रममा राखेर सरकारले ठूला भ्रष्टाचारविरुद्धका काम गरेँ भनेर दंगा पृष्ठ २ मा



*सर्वोच्च अदालतले मन्त्रिपरिषद्को अध्यक्षता गर्ने व्यक्तिहरुलाई पक्राउ गारी अनुसन्धान गर्न भन्यो। तर यता सत्ता गठबन्धनले घटना सामसुम बनाउने निर्णय गऱ्यो। यसरी जनतालाई भ्रममा राखेर सरकारले ठूला भ्रष्टाचारविरुद्धका काम गरेँ भनेर दंगा पिटेको छ।*

**राजेन्द्रप्रसाद लिङ्देन**
**अध्यक्ष, राप्रपा**


आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने, श्रसंक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मिटरब्याज पीडितले फिर्ता पाए ११९ विघा जग्गा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ भदौ।

मिटरब्याज पीडितले ११९ विघा जग्गा फिर्ता पाएको पाइएको छ। गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराई पीडितहरूले दिएको उजुरी छानबिनका क्रममा उनीहरूले दिएको भन्दा दोब्बर पैसा असुल्ने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको बताउँछन्। उनका अनुसार नेपालमा विभिन्न क्षेत्रका मिटरब्याजी दिएको रकममा शतप्रतिशत भन्दा बढी रकम लिने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको छ।

मन्त्रालयमा प्राप्त रिपोर्टमा अहिलेसम्म तीन हजार एक सय ६१ पीडितसँग गरिएको मिलापत्रमा मिटरब्याज पीडितले ११९ विघा जग्गा फिर्ता पाएको तथ्याङ्क छ। मिटरब्याजसम्बन्धी कानून बनेसँगै छानबिन, अनुसन्धान र मिलापत्रको काम तीव्र पारिएको छ।

पीडितले साहुसँग एक अर्ब आठ करोड ६० लाख ८३ हजार छ सय ९४ माग गरेको देखिएको छ। तर साहुले भने रकम बढाएर दुई अर्ब ६१ करोड ६२ लाख २१ हजार दुई ४३ लिनुपर्ने बनाएको मिलापत्रका क्रममा देखिएको भट्टराईले बताए। यो रकम मागेभन्दा डेढ अर्बभन्दा पनि बढी हो।

सबैभन्दा बढी मधेस प्रदेशको ६९ करोड ५१ लाख छ भने सबैभन्दा कम कर्णालीमा तीन करोड छ लाख रहेको छ।

मन्त्रालयको तीन हजार एक सय ६१ जनाबाट साहुले हडपेको एक सय १८ बिघा १९ कट्ठा छ धुर जमिन पीडितलाई फिर्ता भएको पनि उनले बताए। हालसम्म यसरी पीडित भएको भनेर २३ हजार नौ सय ६१ जनाले पृष्ठ २ मा

## खाँण दम्पत्तीमाथि अख्तियारले थाल्यो अनुसन्धान

### ‘गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोग’

नक्कली भुटानी शरणार्थी प्रकरणमा खाँणमाथि भ्रष्टाचारको अभियोग आकर्षित हुने तीन प्रमाणहरु सरकारी वकिलको कार्यालयले पेश गरेको छ। खाँणमाथि घुसबापत १ करोड २४ लाख ५० हजार रुपैयाँ नगद लिएको आरोप छ।





**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १ भदौ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)ले पूर्व गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता बालकृष्ण खाँण र उनकी श्रीमती मञ्जु खाँणमाथि अनुसन्धान सुरु गरेको छ। गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा खाँण दम्पत्तीमाथि अख्तियारले अनुसन्धान सुरु गरेको हो। दुवैलाई बोलाएर अख्तियारले अनुसन्धान सम्बन्धी फारम भराएको छ। साथै उनीहरुमाथि सोधपुछ पनि गरेको छ।

बालकृष्ण खाँणविरुद्ध नक्कली भुटानी शरणार्थी प्रकरणमा अख्तियारमा उजुरी परे पनि अहिले भने खाँण दम्पत्तीमाथि सम्पत्ति आर्जन अभियोगमा अनुसन्धान सुरु भएको हो। नक्कली शरणार्थी मामिलामा खाँणमाथि भ्रष्टाचारको अभियोग आकर्षित हुने प्रमाणहरु सरकारी वकिलको कार्यालयले ठगी र किर्तेको मुद्दा चलाउने क्रममा जिल्ला अदालतमा पेश गरेको छ। खाँणमाथि घुसबापत एक करोड २४ लाख ५० हजार रुपैयाँ नगद लिएको आरोप लागेको जनाएको छ।

अख्तियारले कुनै पनि सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिन गरेपछि आम्दानीको वैध स्रोत पुष्टि गर्नुपर्ने हुन्छ। आम्दानीको स्रोत देखाउन नसके गैरकानूनी आर्जनको अभियोग लाग्छ र भ्रष्टाचारको मुद्दा चल्छ।

नक्कली शरणार्थी प्रकरणमा ठगी, किर्ते, संगठित अपराध र राष्ट्रहित विरुद्धको कसुरको आरोपमा जिल्ला अदालत काठमाडौंको आदेशपछि पूर्व गृहमन्त्री खाँण यतिबेला पुर्पक्षका लागि थुनामा छन्। उनी लगायतले जिल्लाको आदेश पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्न ढिलाइ गर्न हुँदैन : श्रममन्त्री



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपालको अर्थतन्त्र अझै केही वर्ष वैदेशिक रोजगारीमा निर्भर हुने भन्दै यस क्षेत्रमा रहेका समस्या समाधान गर्न ढिलाइ गर्न नहुने बताएका छन्।

वैदेशिक रोजगार ऐन २०६४ मा समावेश गर्ने विषयका सम्बन्धमा नागरिक समाज अभियानले दिएका सुझाव ग्रहण गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन्। मन्त्री भण्डारीले समाजको विभिन्न कोणबाट वैदेशिक रोजगारको विकल्पमा कुरा आउने गरेको भएपनि मुलुकको अर्थतन्त्र र जनजीवन सञ्चालनका लागि वैदेशिक रोजगारको विकल्प भरपर्दा नदेखिएको बताए। मन्त्री भण्डारीले भने, पृष्ठ २ मा

### गैरआवासीय नेपाली नागरिकता नियमावली एनआरएनमैत्री बनाउन अनुरोध



**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले गैरआवासीय नेपाली विश्व सम्मेलनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई निमन्त्रणा दिएको छ। संघका कार्यकारी अध्यक्ष डा. बद्री केसीको नेतृत्वमा एक प्रतिनिधिमण्डलले शुक्रबार प्रधानमन्त्री प्रचण्डलाई भेटेर विश्व सम्मेलनका लागि निमन्त्रणा दिएको हो। पृष्ठ २ मा

## बंगलादेशी पर्यटकको रोजाइमा नेपाल

एउटै कम्पनीमार्फत ठूलो समूहमा बंगलादेशी पर्यटक भित्रिन लागेको यो पहिलो पटक हो। यसले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने बताइएको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ भदौ।

शुक्रबार बंगलादेशबाट एकैपटक करिब २ सय जना पर्यटक नेपाल आएका छन्। नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार शुक्रबार र शनिवार जहाज चार्टर्ड गरी सात सय बंगलादेशी पर्यटक नेपाल आउन लागेका हुन्। शुक्रबार करि दुई सय आएका छन् भने बाँकी शनिवार आउने छन्।

जहाज चार्टर्ड गरेर नेपाल आएका बंगलादेशी पर्यटकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पञ्चेबाजासहित



*बंगलादेशबाट पहिलो पटक चार्टर्ड जहाजमा नेपाल भ्रमणमा आएका पर्यटकलाई शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल पर्यटन बोर्डको तर्फबाट स्वागतका क्रममा। तस्बिर: विमलबहादुर विष्ट/रासस*

स्वागत गरिएको छ। नेपाल आउने बंगलादेशी पर्यटकलाई नेपालको सम्राट टुर एन्ड ट्राभल्स प्रालिले ‘ग्राउन्ड ह्यान्डलिङ’ गरेको छ।

उक्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सिएन पाण्डेका अनुसार बंगलादेशबाट उडानमार्फत नेपाल आएको यो टोली हालसम्मकै ठूलो हो। राजधानी ढाकामा रहेको माउन्टेन क्लबमार्फत बंगलादेशी पर्यटक नेपाल आएका हुन्। यसले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# ‘निर्वाचनमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्छ’

**काठमाडौं/मस–** निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा महिलाको सहभागिता प्रतिशतमा मात्र नभई अर्थपूर्ण हुनुपर्ने बताएका छन् ।

राष्ट्रिय महिला आयोगद्वारा आयोजित ‘नेपालमा महिलाको अवस्था’ विषयक पुस्तक विमोचन समारोहमा उनले तथ्यांक विश्लेषण गरेर मात्र महिलाको सहभागिता निर्क्योल गर्न नहुने बताउँदै अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिए ।

उनले भने, ‘महिलाको सहभागिता तथ्यांकमा मात्र सीमित गर्नुहुँदैन । कूल जनसंख्यामा आधाभन्दा बढी रहेका महिलाको निर्वाचन प्रक्रियामा सहभागिता कम छ । नागरिकता प्राप्ति, मतदाता पत्र, मतदान संख्या, क्षमता विकासलगायतका विषयले महिलाको अर्थपूर्ण सहभागितालाई प्रभाव पार्दछ ।’




उनले निर्वाचनमा महिलाको सहभागितालाई पुस्तकले थप विश्लेषण गरेको बताउँदै निर्वाचनसम्बन्धी आधिकारिक तथ्य आयोगसँग लिन आग्रहसमेत गरे ।

निर्वाचनमा महिलाको सहभागिता अभिवृद्धि गर्न पहल गरिरहेको र थप मजबुत बनाउन महिला आयोगसँग सहकार्य र समन्वय गरी अघि बढ्न निर्वाचन आयोग तयार रहेको उनले बताए । समारोहमा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले नेपालमा महिलाको अवस्थालाई एकीकृत ढंगले पुस्तकमा प्रस्तुत गरिएको बताइन् ।

विशेषगरी अघिल्लो वर्ष सम्पन्न तीनै तहको निर्वाचनमा भएको महिला सहभागिता र प्रतिनिधित्वलाई पुस्तकमा विशेष जोड दिएको उनले जानकारी दिइन् । उक्त पुस्तकबाट महिलाको क्षेत्रमा अध्ययन गर्न, योजना तर्जुमा गर्न, परियोजना निर्माण गर्न र पैरवी गर्नसमेत पुस्तक उपयोगी हुने उनको भनाइ छ ।

दोस्रो अंक प्रकाशन भएको उक्त पुस्तकमा नेपालको संविधान र कानूनद्वारा सुनिश्चित महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, पेसागत हक अधिकारको प्रयोग, पहुँच र महिलाको अवस्था कस्तो छ ? कति प्रभावकारी छ ?, महिलाभित्र विशेष समुदायका सवाल, लैङ्गिक हिंसापीडितका लागि राज्यबाट भएका विशेष व्यवस्था, प्रविधिमा महिलाको पहुँचको सवाल, महिलाउपर हुने सबै किसिमका भेदभावविरुद्ध महासन्धि कार्यान्वयनको अवस्था र चुनौती, बालिका, किशोरी र महिलालाई असर पारिरहेका अन्य सवाल र लैंगिक उत्तरदायी बजेटजस्ता विषयमा विश्लेषणात्मक सामग्री समावेश गरिएको छ । नेपालमा महिलाको वर्तमान अवस्थालाई उजागर गर्ने उद्देश्यले आयोगले गत वर्षदेखि ‘नेपालमा महिलाको अवस्था’ नामक पुस्तक प्रकाशन गरेको हो ।

# प्रभातफेरीसहित कृष्णनगर वितरण केन्द्रले मनायो वार्षिकोत्सव

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १ भदौ




नेपाल विद्युत प्राधिकरणको ३८ औं वार्षिकोत्सवको अवसरमा कृष्णनगर वितरण केन्द्रले विद्युतीय सुरक्षा तथा सचेतना सम्बन्धी प्रभातफेरी कार्यक्रम गरी मनाएको छ ।

शुक्रबार विद्युत सम्बन्धी सचेतनामूलक प्लेकार्ड, पोष्टर हातमा लिएर सचेतनामूलक सूचना प्रसारण गर्दै प्राधिकरण कृष्णनगर वितरण केन्द्रको कार्यालयबाट प्रभातफेरी कार्यक्रम सुरूवात गरी कृष्णनगर बजार परिक्रमा गरी पुनः कार्यालयमा आएर कार्यक्रम समापन गरिएको हो ।

कृष्णनगर वितरण केन्द्रबाट कपिलवस्तुको महाराजगञ्ज नगरपालिका, कृष्णनगर नगरपालिका, शिवराज नगरपालिका, बुद्धभूमी नगरपालिका, विजयनगर गाउँपालिका तथा अर्घाखाँची जिल्लाको शिवगंगा नगरपालिका वडा नं.११ यस क्षेत्रमा विद्युत लाइन निर्माण, विस्तार, मर्मत तथा आपूर्ती सम्बन्धी सम्पूर्ण कार्य गर्दै आएको छ ।

कृष्णनगर वितरण केन्द्रको आर्थिक वर्ष २०७८/७९ मा ४६ हजार २ सय २१ ग्राहकहरु रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २ हजार १ सय ८८ ग्राहकहरु वृद्धि भइ ४८ हजार ४ सय ९ ग्राहकहरु पुगेका छन् । हाल ३३ के.भि. को ६३.४ किलोमिटर, ११ के.भि. को ४५६.४४ किलोमिटर तथा ४३०/२३० भोल्टको १,०९२.४९ किलोमिटर लामो लाइन तथा ४२५ थान नेपाल विद्युत प्राधिकरणका वितरण ट्रान्सफर्महरूबाट विभिन्न स्थानमा लाइन सप्लाई भएको छ ।

विद्युत चुहावट नियन्त्रणका गतिविधिहरूलाई तिव्रता दिइ साथै प्राविधिक चुहावटमा समेत कमि ल्याइ यस वितरण केन्द्रको आर्थिक वर्ष २०७८/७९ मा १२.२२ प्रतिशत रहेको चुहावटलाई आर्थिक वर्ष २०७९/८० मा ९.४५ प्रतिशतमा न्यूनीकरण गर्न सफल रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा विद्युत महसुल बापत ७३ करोड ७२ लाख ९८ हजार ६ सय १४ रुपैयाँ ९३ पैसा (९५.६५) प्रतिशत जम्मा भएकोमा आर्थिक वर्ष २०७९/८० मा रू. ९० करोड ८६ हजार ४६ हजार १ सय ३६ रुपैयाँ १३ पैसा (९७.७५) प्रतिशत रकम संकलन भएको छ । संकलन प्रतिशत बढाउन प्रचार प्रसारका कामहरूलाई तीव्रता दिनुका साथै १ हजार २ सय ९८ ग्राहकहरुको लाइन समेत काटिएको थियो । आर्थिक वर्ष २०७९/८० मा जम्मा ४९ ग्राहकहरूबाट २३ लाख ८० हजार ९ सय ९० रुपैयाँ ८१ पैसा बराबरको कालोसूचीमा रहेको रकम समेत असुल उपर भएको छ ।

कृष्णनगर वितरण केन्द्रमा ४० जना स्थायी कर्मचारी, २५ जना ज्यालादारी, ७ जना गोतागन्ती मिटर रिडर, १२ जना सेवा करारका कर्मचारी तथा ९ जना सुरक्षा गार्डहरु कार्यरत रहेको यस वितरण केन्द्रमा कृष्णनगर, महाराजगञ्ज, चन्द्रौटाबाट विद्युत महसुल संकलन गर्न काउन्टर सञ्चालन गरिएका छन् । कृष्णनगर, महाराजगञ्ज, चन्द्रौटा तथा घनचौरामा अवस्थित चार वटा सव-स्टेसनहरूबाट यस वितरण केन्द्र अन्तर्गतका स्थानहरूमा लाइन सप्लाई गरिएको नेपाल विद्युत प्राधिकरण कृष्णनगर वितरण केन्द्रका प्रमुख सुशील पौडेलले जानकारी दिए ।

नेपाल विद्युत प्राधिकरणको ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा कृष्णनगर वितरण केन्द्रले वार्षिक कार्य समिक्षा प्रस्तुत समेत गरेको छ । प्रभातफेरी कार्यक्रममा विद्युत कार्यालयका कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, समाजसेवी, बुद्धिजीवी, स्थानीय, पत्रकार लगायतको सहभागितामा सफलतापूर्वक कार्यक्रम सम्पन्न भएको कृष्णनगर वितरण केन्द्रले जनाएको छ ।

## ललिता...

दुर्घटनामा निधन भइसकेको छ । साउन २९ गते बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकपछि सीआईबी उनीहरुको बयान लिनबाट पछि हटेको बताइन्छ ।

ललिता निवास जग्गा प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बोलाएपछि विदेश भ्रमणमा रहेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल तत्काल स्वदेश फर्किएका थिए । नेपाल र भट्टराई दुवैले अनुसन्धानमा सघाउने बताए पनि सत्ता गठबन्धनको बैठकमा उनीहरुले बयान नदिएरै मुद्दा मिलाउने गरी छलफल भएको बताइन्छ । नेपाल युरोप भ्रमणबाट फर्किएपछि साउन २९ गते साँझ नै बालुवाटारमा बैठक बसेको थियो ।

पूर्वमुख्यसचिव लीलामणि पौड्यालसँग भने सिआइबीले सोधपुछ गरिसकेको छ । उनी बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा मुख्य सचिव थिए । त्यस्तै यही प्रकरणमा मुछिएका हाल जेल जीवन बिताइरहेका पूर्व भूमिसुधार राज्यमन्त्री सञ्जय साह (टक्ला)को पनि सीआईबीले बयान लिएको छ। पक्राउ पुर्जी जारी भएका तीनजना पूर्वमन्त्रीलाई पनि प्रहरीले पक्राउ गर्न सकेको छैन । सर्वोच्चको आदेशअनुसार तत्कालीन तीनजना भूमिसुधार मन्त्रीहरु विजय गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशी तथा राज्यमन्त्री सञ्जय साहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

## सत्तागठबन्धनले...

पिटेको बताए । उनले सरकार यसरी नै चलिरहने हो भने २०८४ सालको निर्वाचन नआउने दाबी गरे । उनी भन्छन्, ‘सर्वोच्च अदालतले मन्त्रीपरिषद्को अध्यक्षता गर्ने व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धान गर्न भन्यो । तर यता सत्ता गठबन्धनले घटना सामसुम बनाउने निर्णय गर्‍यो । यसरी जनतालाई भ्रममा राखेर सरकारले ठूला भ्रष्टाचारविरुद्धका काम गरेँ भनेर दंगा पिटेको छ ।’

अध्यक्ष लिङ्देनले ललिता निवास जग्गा प्रकरणबारे अनुसन्धान गर्न बाध्य बनाएका प्रहरी अधिकृतहरुलाई घटना सामसुम बनाउन सरकारले सरुवा गर्न लागेको बताए । उनले नेपाल शक्ति देशको प्रतिस्पर्धा स्थल बनिरहेको बताए । उनले सरकार एकातिर भ्रष्टाचारविरुद्ध कारबाही गरेको जस्तो देखाउने र अर्कोतिर भ्रष्टाचारीको संरक्षण गरेर सरकार टिकाउने काममा लागेको बताए ।

## मिटरब्याज...

उजुरी दिएका छन् । सरकारले बनाएको अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले उजुरी लिने, मिलापत्र गराउनेलगायतका काम गरिरहेको छ । गम्भीर प्रकृतिका घटना, रकम उठाउन धम्की दिने, मानसिक तथा शारीरिक यातना दिने तथा जग्गा गम्भीर तरिकाले हडप्ने जस्ता व्यक्तिको हकमा भने कारबाहीका लागि सिफारिस गर्ने अधिकार आयोगलाई छ । तर पहिलो चरणमा मिलापत्रलाई नै प्राथमिकता दिएर काम गरिरहेको जनाइएको छ ।

## खाँण...

बदर गरेर आफूहरुलाई सामान्य तारिखमा रिहा हुनुपर्ने माग राखी उच्च अदालत पाटनमा निवेदन दिएका छन् । नक्कली शरणार्थी मामिलामा तत्कालीन खाँणमाथि भ्रष्टाचारको अभियोग आकर्षित हुने तीन प्रमाणहरु सरकारी वकिलको कार्यालयले ठगी र किर्तेको मुद्दा चलाउने क्रममा जिल्ला अदालतमा पेश गरेको छ । खाँणमाथि घुसबापत १ करोड २४ लाख ५० हजार रुपैयाँ नगद लिएको आरोप छ ।

प्रहरीको दाबी अनुसार, केशवप्रसाद दुलाल र सानु भण्डारीले बयानमा उनले रकम लिएको स्वीकारेका थिए ।

नक्कली भुटानी शरणार्थी मामिलामा आरोपितहरु पक्राउ पर्ने र अनुसन्धान अघि बढ्न थालेपछि गृहमन्त्री बालकृष्ण खाँणले स्वकीय सचिव नरेन्द्र केसी मार्फत सानु भण्डारीका दाजु राजु भण्डारीलाई एक करोड रुपैयाँ दिएको र त्योमध्ये ३० लाख रुपैयाँ शेर्पाले राजुलाई बुझाएको प्रहरीको दाबी छ ।

## वैदेशिक...

‘कतिपय पक्षले वैदेशिक रोजगारले मुलुकमा दीर्घकालीन फाइदा नहुने भन्दै चर्को कुरा गर्छन्, तर वैदेशिक रोजगार बिना हामी अघि बढ्न सकिरहेका छैनौं ।’ मन्त्री भण्डारीले वैदेशिक रोजगार ऐनमा समय सापेक्ष संशोधन गर्ने बारेमा धेरै अगाडिदेखि आवाज उठेकाले त्यसलाई सम्बोधन गर्न सबै सरोकारवालाहरूको सुझाव समेटेर टुंगोमा पुर्‍याउन लागेको जानकारी दिए ।

लामो समयदेखि वैदेशिक रोजगार ऐन परिमार्जनका लागि गृहकार्य गरेको नागरिक समाज अभियानले ऐन संशोधनका लागि दबाब दिन संकलन गरिएका ६ हजार १ सय ५९ हस्ताक्षरसहित मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको छ । नागरिक समाज अभियानले वैदेशिक रोजगारमा कामदार पठाउँदा शून्य लागतमा पठाउन प्रष्ट र बाध्यकारी व्यवस्था गर्नुपर्ने, अन्तर्राष्ट्रिय श्रम संगठनको गाइडलाइन्सअनुसार कामदारको भर्ना तथा छनोट प्रक्रियाको खर्च रोजगारदाताले व्यहोर्नुपर्ने, वैदेशिक रोजगारमा महिलामाथिको भेदभाव हटाउनु पर्ने, भारतमा गएर काम गर्ने नेपालीलाई पनि वैदेशिक रोजगारको परिभाषा र दायरामा ल्याउनुपर्ने, वैदेशिक रोजगार कसुरमा अनुसन्धानको अधिकार प्रहरीलाई दिएर स्थानीयकरण गरिनुपर्नेलगायतका सुझाव दिएको छ । त्यसैगरी अभियानले वैदेशिक रोजगार न्यायाधीकरणलाई प्रदेशस्तरमा लैजानुपर्ने, श्रम गन्तव्य मुलुकमा अनिवार्य श्रम सम्झौता र वैदेशिक रोजगार बोर्डलाई नीति अनुसन्धानका लागि थिंकट्यांकका रूपमा विकास गर्नुपर्ने सुझाव पनि दिएको छ ।

## गैरआवासीय...

आगामी अक्टोबरमा संघको ११औं महाधिवेशन तथा विश्व सम्मेलनको मिति तोकिएको छ । संघले सोही समयमा विश्व ज्ञान सम्मेलन र युवा तथा महिला सम्मेलन पनि गर्दैछ । प्रधानमन्त्री प्रचण्डले विश्व सम्मेलनको सफल आयोजनाका लागि शुभकामना दिँदै आफू उपस्थित हुने प्रतिबद्धता व्यक्त गरेको संघका अध्यक्ष कुल आचार्यले जानकारी दिए । उनले सो क्रममा गैरआवासीय नेपाली नागरिकता प्राप्तिको बाटो खुलिसकेको र नियमावली निर्माणको चरणमा रहेकाले त्यसलाई सहज र एनआरएनमैत्री बनाउन पहलकदमी लिइदिन पनि प्रधानमन्त्री प्रचण्डलाई अनुरोध गरिएको बताए ।

संघका उपाध्यक्ष आरके शर्माले इराक र कुवेतमा पासपोर्ट नवीकरणलगायत नेपालीहरुले व्यहोर्नुपरेको अन्य समस्या सम्बोधनका लागि कूटनीतिक पहलका लागि प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराए । प्रधानमन्त्री प्रचण्डले त्यसका लागि पछिल्लो अवस्था मूल्यांकन गरी कूटनीतिक पहल अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ ।

प्रधानमन्त्री प्रचण्डले नेपाल सरकारले महत्वका साथ कार्यान्वयनमा ल्याएको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा रहेका कामदारसहित अन्यलाई सहभागी गराउन गैरआवासीय नेपाली संघले खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा उक्त योजनालाई अझ बृहत्रुपमा अघि बढाउन आग्रह गरे । सो अवसरमा संघका उपाध्यक्षद्वय महेश श्रेष्ठ र डी.बी क्षेत्री, महासचिव केशव पौडेल, एनसीसी पूर्व मानार्थ परिषद् सदस्य सनी वली, पूर्वसल्लाहकार सुरेन्द्र श्रेष्ठ, संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतलगायतको सहभागिता रहेको थियो ।

## बंगलादेशी...

सहयोग पुग्ने बताइएको छ । एउटै कम्पनीमार्फत ठूलो समूहमा बंगलादेशी पर्यटक भित्रिन लागेको यो पहिलो पटक हो ।

बंगलादेशको ढाकामा रहेको माउन्टेन क्लबमार्फत नेपाल आएका बंगलादेशी पर्यटकहरुले ऐतिहासिक सम्पदाको भ्रमण गर्ने तय भएको छ । नेपालबाट नजिक दूरीमा रहेको बंगलादेश पर्यटकीय सम्भावना बोकेको गन्तव्य मुलुक हो ।

ठूलो संख्यामा नेपाल भित्रिने बंगलादेशी पर्यटकको प्रचार-प्रसारबाट थप पर्यटक आकर्षण गर्न मद्दत पुग्ने विश्वास पर्यटन बोर्डको छ । बंगलादेशमा रहेको माउन्टेन क्लब टुर्स एण्ड ट्राभल्सका प्रमुख रिजाउल हकिम सान्तुले नेपाल प्राकृतिक रुपमा सुन्दर रहेकाले भ्रमणका लागि नेपाल आएको बताए ।

बंगलादेशी पर्यटक शेख अजरफ उद्दिनले नेपाल घुम्नका लागि सही र राम्रो गन्तव्य भएको बताए । उनले नेपालमा स्वागत राम्रो पाएको र नेपाल घुम्न आतुर रहेको बताए । उनले भने, ‘हामीलाई नेपालमा धेरै राम्रो स्वागत गर्नुभयो । नेपाल घुम्नका लागि हामी एक्साइटेड छौँ । बंगलादेशले नेपाललाई घुम्नको लागि प्राथमिकतामा राखेको छ । नेपाल राम्रो देश पनि घुम्नका लागि । हिमाल, स्थानीय खाना, स्थानीय संस्कृति राम्रो छ ।

चार रात पाँच दिन नेपालमा बिताउँदा भक्तपुर, नगरकोट, धुलिखेल लगाएतका पर्वतीय क्षेत्रमा जाने र सम्मेलनको समेत आयोजना गरिएको उनले बताए । पर्यटन बोर्डका अनुसार सन २०२३ मा हालसम्म बंगलादेशबाट करिव १३ हजार छ सय पर्यटक नेपाल आएका छन् ।

**कतारमा रोजगार** | कम्पनी: J AND J TRAD. SERVICE & CLEANING
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२०६४१६ LT. No.: 291140

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1400 | ५०,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Tech. | 1 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |
| 3. | Electrician | 1 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |
| 4. | Foreman | 3 | 0 | | 2500 | ९०,९०० | | | | | | | |
| 5. | General Clean Worker | 1 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 6. | Labour | 1 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 7. | Painter | 1 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |
| 8. | Plumber | 2 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |
| 9. | Salesman | 1 | 0 | | 1500 | ५४,५४० | | | | | | | |
| 10. | Supervisior | 2 | 0 | | 2500 | ९०,९०० | | | | | | | |
| 11. | Technician | 1 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/०२**

**पञ्चाङग हेल्थ होम प्रा.लि. (Panchanga Health Home Pvt. Ltd.)** को मिति २०८०/०४/२९ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पञ्चाङग हेल्थ होम एण्ड फार्मेसी प्रा.लि. (Panchanga Health Home and Pharmacy Pvt. Ltd.) (प्रा.लि. नं.: १८७२९३)** कायम गर्ने गरी मिति २०८०/०४/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/०२**

साविक कम्पनी (**फर्स्ट इन्टरनेशनल एजुकेशन प्रा.लि.**) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर.डि. ईन्टरनेशनल एजुकेशनल प्रा.लि. (प्रा.लि. नं.: २१८८२३)** कायम गर्ने गरी मिति २०८०/०२/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**UAE मा रोजगार** | कम्पनी : DAW AL SHAMS CLEANING SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०४/३२ चलानी नं.: ६०२०६३२३ LT. No.: 291056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | female Cleaner | 0 | 5 | | 1100 | ३९,७५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

N.B. INTERNATIONAL MANPOWER PVT. LTD.
Govt. Lic No.: 402/060/061
Sinamangal, Kathmandu, Nepal
Mobile 9851022122 | 9851254501 | 9802744144 | 9810023139
9851023100 | 9801023100 (Whatsapp 9823203060)
Email: n.binternationalmanpowerpvt.ltd@gmail.com, fishtailopt@gmail.com
Website: www.nbinternationalmanpower.com.np

**युएईमा रोजगार** | कम्पनी : KHOBRAA ALSAHRAA CLEANING SERVICES
शहर: UAE
पूर्व स्वीकृत मिति : २०८०/०५/०१ चलानी नं.: ६०२०६४१७ L.T. No.: 290915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 10 | | 1000 | ३६,१४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ देखि १४ गतेसम्म (26 to 31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
श्रम इजाजत नं. ४४/०४९/०५०
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com

**कतारमा रोजगार** | कम्पनी : STRIKE CLASS SERVICES
शहर: DOHA
पूर्व स्वीकृत मितिः२०८०/०५/०१ चलानी नं.: ६०२०६४११ LT. No.: 291162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Clerical | 2 | 0 | | 2100 | ७६,४६१ | | | | | | | |
| 3. | Driver | 3 | 0 | | 1900 | ६९,१७९ | | | | | | | |
| 4. | Labour Services | 5 | 0 | | 1000 | ३६,४१० | | | | | | | |
| 5. | Salesman | 2 | 0 | | 2100 | ७६,४६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० भदौ १० गते (27 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय :- विनायक होटल (छेऊ), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
Jhapa: 023-536663 | 9826969623 | 9808465610 | 9817978774 | 9814984440
CREATING VALUE THROUGH PEOPLE

**UAE मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: 800TEK FACILITIES MANAGEMENT L.L.C., UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०१२० L.T. No.: 253579 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 58 | 69 | स. काममा दक्ष | 800 | २८,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

STARIS HR SERVICES PVT. LTD.
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

**कतारमा रोजगार** | कम्पनी: QATAR INTERNATIONAL CLEANING TRADING & CONTRACTING CO. (QAMAC) L.L.C.
शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८०/०४/२८ चलानी नं.: ६०२०६०६० L.T. No.: 291065

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 4 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Secretary | 0 | 1 | | 2100 | ७६,३५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD.
2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np

# आरती साह मृत्यु प्रकरण : न्यायको माग गर्दै ज्ञापनपत्र

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १ भदौ



रौतहट जनकपुरकी आरती साहको न्यायका लागि माइती पक्ष काठमाडौं माइतीघरमा धर्ना बस्न थालेको ६४ औं दिन पुग्दा समेत सरकारले न्यायको लागि कुनै वास्ता नगरेको भन्दै नेपाल स्वयंसेवक संघ मधेश प्रदेशले रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको छ ।

सरकारले कुनै सुनुवाइ नगरी अभियुक्तलाई जोगाउने नियत राखेर पीडित परिवारको आन्दोलन समाप्त पार्ने गरी सरकारको निर्देशनमा प्रहरीद्वारा गरिएको ज्यादती, शोषण, दमनप्रति स्वयंसेवक संघको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

'न्याय पाउने आशा हराउँदै गएपछि आफ्नो जीवनको प्रवाह नगरी न्यायको लागि धर्नामा बसेका आरतीका बुबा बिनोद प्रसाद, आमा निर्मला देवी, भाइ प्रेम, बहिनी मनीषा, मामा सन्तोषकुमार, आफन्त र समर्थकले सोमबार प्रदर्शन गर्ने क्रममा सिंहदरबारको दुई नम्बर गेट पुगेपछि प्रहरीले नियन्त्रणमा लिएको थियो । महिला प्रहरी हुँदाहुँदै आन्दोलनरत महिलालाई पुरुष प्रहरीले शरीरका संवेदनशील अंगमा हात हालेको घटना सामाजिक सञ्जालमा व्यापक रुपमा चर्चामा आएको देखिँदा नेपाल सरकारका गृह मन्त्रालयको आदेशमा आन्दोलनकारीलाई पक्राउ गर्न गएका पुरुष प्रहरीले महिलामाथि गरेको दुर्व्यवहार प्रति घोर निन्दा गर्दै दोषी प्रहरी माथि कार्यवाही गर्न माग समेत गर्दछौं' विज्ञप्तिमा भनिएको छ, 'प्रत्येक नेपाली नागरिकको न्याय पाउने अधिकार नेपालको संविधानमा सुनिश्चित गरेको अवस्थामा पनि दाइजोको निहुँमा गरिएको हत्याको घटनामा निष्पक्ष छानबिन हुनु पार्ने माग गर्दै महिनौदेखि भोक, प्यास, त्याग गरी आन्दोलन गरिरहेका मृतक आरती साहको परिवारप्रति एक्यवद्धता जनाउँदै दोषीलाई छिट्टै कानूनी दायरामा ल्याउन नेपाल सरकारसँग जोडदार रुपमा माग गर्दछौं ।'

धनुषाको नगराइन नगरपालिका-८ खिरखिरियाकी आरती र जनकपुरधाम ९ धापाचोकका मोतीबाबु साहबीच २०७८ असार २९ मा मागी विवाह भएको थियो । विवाहको केही समयपछि श्रीमानले आरतीलाई दाइजोको दबाब र यातना दिँदै आएकोमा गत जेठ ७ गते आरती घरको कोठाभित्र पंचामा सलको पासो लगाएको अवस्थामा भेटिएकी थिइन् ।

माइती पक्षले उनको आत्महत्या नभई दाइजोको निहुँमा हत्या भएको आशंकामा निष्पक्ष छानबिन गरी घटना दवाउने प्रयास गर्न उजुरी लिन अटेर गर्दै पीडितमाथि कुटपिट गर्ने धनुषाका एसपी विश्वराज खड्का र डीएसपी बेदप्रसाद गौतमलाई निलम्बन गरी कारबाही गर्नुपर्ने, जिल्ला न्यायाधिवक्ता, पोस्टमार्टममा संलग्न डाक्टरमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने, हत्याको सीवाईवीद्वारा जाँच हुनुपर्ने, जाहेरी दिएका सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति तुरुन्त दिनुपर्ने आग्रह गर्दै नेपाल स्वयंसेवक संघ मधेश प्रदेशका प्रवक्ता पूजा पाठकले जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापन पत्र दिएकी हुन् । साथै पीडित पक्षले आरतीका श्रीमान मोतीबाबु साह, ससुरा मदनमोहन साह, सासू रेनु देवी र देवर रवि साहविरुद्ध किटानी जाहेरी दिएको बोज तलाश गरी कानूनी दायरामा ल्याई कारबाही गर्न जोडदार माग गर्दै संघले ज्ञापन पत्र बुझाएको छ । उक्त ज्ञापन पत्र बुझाउन मधेश प्रदेशका फोकल पर्सन पूजा पाठक र रौतहटका फोकल पर्सन राकेश यादव लगायत पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# प्रज्ञा प्रतिष्ठानको इ-बुकिङ हल सेवा शुभारम्भ



**काठमाडौं/मस-** नेपाल प्रज्ञा प्रतिष्ठानले हल प्रयोगकर्ताका लागि 'हल इ-बुकिङ सेवा' खुल्ला गरेको छ । प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले एक समारोहकाबीच इ-बुकिङ हल सेवाको शुभारम्भ गरेका हुन् ।

उनले भने, 'आजको विश्वमा प्रविधिमैत्री हुनुको विकल्प छैन । यस सेवाले हल प्रयोगकर्तालाई छिटो, छरितो र सर्वसुलभ सेवाप्रवाह गर्न सकिने छ ।'

यसैक्रममा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले 'हल इ-बुकिङ सेवा' को प्रभावकारिता झन् बढ्ने र वेभसाइटलाई आवश्यकताअनुसार परिमार्जन गर्दै जाने बताए ।

यसैगरी सिल्भरगेट सफ्टवेयर प्रा.लिले हल-इ -बुकिङ साइटको निर्माण गरेको हो । यसका प्रमुख कार्यकारी अधिकृत तथा सफ्टवेयर इन्जिनियर करुण थापाले प्रज्ञा प्रतिष्ठानको वेबसाइट, फेसबुक पेज, इ-बुक, हल इ-बुकिङ र अनलाइन सेवाका लागि आवश्यक प्राविधिक सहयोग गर्न तत्पर रहेको बताए ।

शुभारम्भ कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमल कृष्ण श्रेष्ठ 'विमल निभा', प्राज्ञ परिषद् सदस्यहरूमा डा.मधुसुदन गिरी, डा.कृष्णराज अधिकारी, बाबा बस्नेत, त्रैलोक्यमान बनेपाली 'अगिव', अमर न्यौपाने, हंसावती कुर्मी, प्राज्ञसभा सदस्य चेतनाथ धमला, प्रशासन प्रमुख सुमन अधिकारी, महाशाखा प्रमुखहरू र प्रज्ञा प्रतिष्ठानका सम्पूर्ण साहित्यकार, कलाकार तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । शुभारम्भ कार्यक्रमको सञ्चालन भौतिक संशाधन व्यवस्थापन महाशाखा प्रमुख सन्ध्या पहाडीले गरेकी थिइन् ।

# पशु अस्पतालको भवन उद्घाटन



**घुरन यादब/मध्यान्ह**
सप्तरी, १ भदौ

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नम्बर १ मलहनियाँमा पशु अस्पतालको १२ कोठे भवनको उद्घाटन गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले पशुहरुको उपचारका लागि सहज होस् भनेर गाउँपालिकाले ग्रामीण उद्यम तथा अधिक विकास योजना आर्थिक करिडोर र कार्यालाय बर्दिवासको सहयोगमा पशु अस्पताल निर्माण गर्न लागिएको हो ।

कार्यक्रममा अध्यक्ष यादवले समयभित्र भवन निर्माण हुने बताएका छन् । पशु अस्पताल २ करोड ३५ लाख ८५ हजारको लागतमा भवन निर्माण हुने गाउँ पालिकाको अधिकृत अमरेन्द्र कुसयैत जानकारी दिए ।

पशु अस्पताल बनेपछि सुरुङ्गा नगरपालिका बोदे बर्साइन र बलान विहुल तथा अन्य ठाउँका किसानहरुले पालेका पशु उपचारमा सहयोग पुग्ने बताए । पशु अस्पताल भवनको निर्माण ठेक्का आशिष जेवी काठमाडौंले पाएको छ । वि.स. २०८० जेठ २८ गते सम्झौता अनुसार २०८१ असार १७ गते सम्पन्न गर्ने गरी जिम्मा लिएको छ ।

# व्यवसायीलाई डस्टबिन वितरण



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ भदौ

उदयपुरको त्रियुगा नगरपालिका र त्रियुगा उद्योग वाणिज्य संघ उदयपुरले नगरको सरसफाइ गर्ने उदेश्यले व्यावसायीहरुलाई डस्टबिन वितरण शुरु गरेको छ ।

शुक्रबार त्रियुगा नगरपालिका आसपासका ठाउँहरु गाईघाट, ४ नम्बर बगहा तथा अन्य वडाहरु ६,८ र ९ वडाका व्यावसायीहरुलाई डस्टबिन वितरण गरिएको हो ।

बगहा, जल्जले र चुहाडेका व्यावसायीलाई सोही ठाउँको वडा अध्यक्ष र उद्योग वाणिज्य संघको पदाधिकारीहरुमार्फत वितरण गरिएको त्रियुगा उद्योग वाणिज्य संघ उदयपुरको अध्यक्ष रमेश रसाइलीले बताए । रसाइलीले बगहामा ६, जल्जलेमा २५ र चुहाडेमा १० वटा डस्टबिन वितरण गरिएको जनाए । बजारको सरसफाइ, सुन्दर बजारको परिकल्पना साकार पार्ने उदेश्यले सम्बन्धित क्षेत्रहरूमा डस्टबिन वितरण गर्ने अभियान शुरु गरिएको त्रिनपाको मेयर बसन्त कुमार बस्नेत बताए ।

यो अभियानले नगर तथा वडाहरुका ठाउँमा सरसफाइसँगै सुन्दर वडा टोलका साथै सुन्दर त्रियुगा नगरी बन्ने वडाअध्यक्षहरुका भनाईसँगै वडाको विकासका लागि अठोटका साथ लागिपर्ने पनि जनाए । व्यावसायीहरुले डस्टबिन पाँएसँगै खुसी व्यक्त गर्नुका साथै सम्बन्धित निकायहरुलाई धन्यवाद दिएका छन् । उद्योग वाणिज्य संघ उदयपुरको उपाध्यक्ष नवीन बस्नेतले बाँकी रहेको डस्टबिन देउरी, राजावास लगायतका ठाउँहरुमा वितरण गरिने कार्यक्रम रहेको जनाए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०१/०६ मा दर्ता भएको **प्रा.लि. नं. १८७९४९/०७४/०७५** को **फ्यूचर जेनिक इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## यूएईमा रोजगारको अवसर
कम्पनी: SUPERBRIGHT CHOICE CLEANING SRVICES
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२०६४०३ LT. No.: 291187

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 175 | 0 | सम्बन्धित कामामा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Supervisor | 5 | 0 | | 1400 | ४९,५६० | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय विर्तामोड, झापामा २०८० भदौ १० गते (27 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## साउदीमा रोजगार
कम्पनी : IYAD IBRAHIM AHMED KHAWAJI FOUNDATION FOR DECORATION
शहर: JAZAN
पूर्व स्वीकृत मितिः २०८०/०४/३२ चलानी नं.: ६०२०६३३८ LT. No.: 291100

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Paint Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/ कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
Opposite of Basundhara Chowki, Ph.: 01-4361111, 4366318, Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०

## UAE मा रोजगार
MBK Security services
पुर्व स्वीकृती मितिः २०८०/०५/०१ चलानी नं. ६०२०६३५८ LT. NO. 291105

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Male Security Guard | 150 | 0 | काममा दक्ष | 1200 | ४३,४८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Security Guard (PSBD) | 200 | 50 | | 2000 | ७२,४०१।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० भदौ ९ गते (26 August, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Email: myeuroasiahr@gmail.com

## साउदीमा रोजगार
कम्पनी : AJEEJ STEEL MANUFACTURING CO.
शहर: Saudi Arabia, Al Kharji
पूर्व स्वीकृत मितिः २०८०/०४/२९ चलानी नं.: ६०२०६१३७ LT. No.: 290083

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गोल्डेन इगल मेनपावर प्रा. लि.
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
ISO 9001:2000

## मलेशियामा रोजगारको अवसर
कम्पनी : IDEAL FOAM (M) SDN BHD
शहर : Malaysia, SENAWANG
पुर्व स्वीकृत मितिः २०८०/०४/२३ चलानी नं.: ६०२०५८४१ LT. No.: 290578 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
AASHIN OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : ASTRAL TRADING AND CONTRACTING COMPANY शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२०६४१३ L.T. No.: 291307

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ देखि ११ गतेसम्म (26 to 28 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Asiapower Recruitment Consultants Pvt. Ltd.
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowernepaljob@gmail.com
Govt Lic No. 1198/073/074

## मलेसियामा रोजगार
कम्पनी : EMRAN TRADING(M) SDN BHD
शहर : MALAYSIA, Kedaha
पूर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२०६३७९ LT. No.: 291284

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९७४९८७५४४९
श्रम इजाजत नं. ३४८/०५९/०६०




घुमघाम

# राराको सुन्दरता र कर्णाली



■ नेत्र सुवेदी 'प्रयास'



राराको नाम सुन्नेबित्तिकै जो कोहीको मन फरुङ्ग हुन्छ भने त्यहाँ पाइला टेक्दा स्वर्गको परिकल्पना साक्षात् भेटेजस्तै अनुभूत हुन्छ । यहाँको प्रकृतिले हरेकलाई आ-आफ्नो अन्तःस्करणबाट अनेक भावना उद्वेलित गर्दछ । यस स्तम्भकारको मनमा पनि माथिका पंक्ति छचल्किन पुगे । धेरै पहिलेदेखिको चाहना हुँदाहुँदै पनि गत असारको पहिलो साता मात्रै पहिलोपटक देशको सबैभन्दा ठूलो ताल भनेर चिनिने मुगु जिल्लामा पर्ने रारा ताल पुगेर प्रत्यक्ष नियाल्ने र स्पर्शसमेत गर्ने अवसर मिल्यो । जीवनमा एक पटक रारामा पुग्ने धेरैको धोको हुन्छ तर, कमैलाई यो अवसर जुट्छ ।

सुर्खेत, दैलेख, कालीकोट हुँदै जुम्लाको खलङ्गासम्म पुग्ने कर्णाली राजमार्गको नाग्म भन्ने स्थानबाट राजमार्गबाट अलग्गिएर जुम्लाको सिञ्जा उपत्यका भएर मुगु जाने बाटो अघि बढ्छ । सुन्दर पनि उत्पादनशील पनि यो उपत्यका नेपालभित्र मानव सभ्यतालाई हुर्काउने मूल ठाउँ पनि भन्ने गरिन्छ । मानवशास्त्री डोरबहादुर विष्टले लामो समय बिताएको र कर्णाली इन्स्टिच्युट स्थापना गरेको स्थान पनि यही सिञ्जा उपत्यका नै हो । अहिले यो उपत्यकाको अधिकांश भाग हिमा गाउँपालिकामा पर्दछ ।

दुईतिर हराभरा फाँट अनि अलि माथि केही लेकाली वनस्पतियुक्त जंगल अनि बस्ती भएको यो ठाउँमा मोटरबाटो बनेपछि भने बाटोको दायाँ-बायाँ आवास बनाउने क्रम बढेको छ । फाँटलाई सिञ्चित गर्दै बीचबाट बगेको हिमा नदी जुम्ला र कालीकोटको सीमास्थल नाग्ममा पुगेर तीला नदीसँग मिसिन्छ । यो सिञ्जा उपत्यकाको मनोरम दृश्यले सबैका मन रोमाञ्चित बनाउँछ । बोटविरुवा, हरियाली, हिमा नदी बनेर अविरल बगिरहेको कञ्चन हिमाली पानी यी सबै दृश्यलाई नजिक बसेर नियालिरहुँ जस्तो लाग्ने सुन्दरता ।

साँच्चीकै रारा ताल अनुपम सुन्दरताको खानी रहेछ । पढ्नु, सुन्नु र प्रत्यक्ष पुग्नुमा कति फरक छ भन्ने विषय रारा पुगेर मात्र अनुभूत हुन्छ । सदरमुकाम गमगढी नपुग्दै ताल्चा विमानस्थलको छेउबाटै रारा जाने बाटो देब्रेतिर मोडिन्छ । नाग्मबाट सिँजातिर लागेदेखि नै मोटरबाटो भने ग्राभेलयुक्त कच्ची बाटो हो तर मुगुका ठाडा भीर रहेको खण्ड नपुगुन्जेलसम्म दुर्गम जिल्लाको कच्ची बाटो यात्रा गरिरहेका छौं भन्ने अनुभूत भएन । कालिकोट जिल्लाका भिराला अग्ला र डरलाग्दा पहाड छिचोलिसकेकाले होला जुम्लाको समथर भूभाग हुँदै मुगुसम्म पुग्दा देखापरेका मध्यमखालका हिमाली पहाडले खासै अघिल्लो दिनको अप्ठेरो बाटोको सम्झना गराउन सकेनन् । यात्रा पनि जीवनकै प्रतिबिम्बजस्तो लाग्छ दुःख, सुख अनि फेरि दुःखको चक्र अर्थात अप्ठेरा र सप्ठराहरु झेल्दै र पार गर्दै अघि बढ्नुपर्ने । पहिलोपटक पुगेको यो जिल्लाको सदरमुकाम गमगढीको अवस्थिति, कार्यालयहरु, बजार, शैक्षिक संस्थाको अवस्थिति मोटामोटी जानकारी लिएपछि रारा पुग्ने सुरमा गमगढीलाई बिदाई अभिवादन गरेर अघि बढियो ।

रारा पुग्नै लाग्दा सल्लाका रुख भएको बाक्लो बन पार गरेर खुल्ला चौरमा पुगेपछि देखिन्छ छौं विशाल जल सतह । चौरमा नपुगुन्जेलसम्म रुखहरुका बीचबाट देखिएको ताल खण्डखण्ड परेको अपुरो देखिन्छ । जब पूरा ताल देखिन्छ, अनि त बाटाका अनेक दुःख कष्ट च्याट्टै बिसर्न मात्र होइन, शरिर नै हलुका भएर उड्न खोज्छ । मानौं कि कुनै समुद्रको किनारमा पुगिएको छ । चारैतिर नियालिसक्दा मात्र थाहा हुन्छ कि यो ताल नै हो । खुलेको आकाशजस्तै कञ्चन तालमा स्वच्छन्दरूपमा उडिरहेका बादलका विभिन्न आकृतिसहितका टुक्राहरु छर्लङ्ग देखिन्छन् । अनि देखिन्छ मुर्माकोटतर्फको भू-भाग, बस्ती र फाट्टफुट्ट रहेका रुख बिरुवा एवं केही न केही खेती हुर्किइरहेका बारीहरु । हिँउद्मा हिउँले भरिएका डाँडाहरु देखिँदा हुन् तर, अहिले हिउँको च्यादर उतारेर उदाङ्ग छन् । लामो यात्रा गरेर आएका पर्यटक, आगन्तुक वा यात्रुहरु पनि तालको समिपमा पुगेपछि थकाई हराएजस्तो, उमङ्ग पलाएजस्तो अनुभूत गर्दछन् ।

ताल वरिपरिको परिवेश वर्णन गर्नुपर्दा नवआगन्तुक आइपुग्नासाथ घोडा चढ्ने हो ? भन्दै केही मुगाली घोडा मालिकहरु देखा पर्दछन् । धेरै अपेक्षा नभएका र खुशी अनुहारसहितका मुगाली केटाहरु । घोडा कतिबेर चढ्ने हो कहाँसम्म जानुपर्ने हो वा चौरमा केहीबेर चढेर फोटो मात्र पो खिच्ने हो कि हेरिकन तिर्नुपर्ने दररेट रहेछ । यहाँ पुग्ने प्रायः सबैले घोडा चढेर फोटो खिच्ने अवसर गुमाउन चाँहैनन् । घोडचढी बाहेक तालसँगै रमाउने अर्को माध्यम भनेको १२ बजे अगाडि नै डुङ्गाबाट ताल वारपार गर्ने वा तालको किनारैकिनार परिक्रमा गर्नु रहेछ । मध्यान्ह १२ बजेपछि भने हावाका कारण डुङ्गा चढ्ने काम असुरक्षित मानिदोरहेछ ।

> “पुरानो सभ्यताको प्रमाणका साथै 'भर्जिन'रूपमै उपलब्ध प्राकृतिक सम्पदा र क्रमिक विकासको ज्वलन्त प्रमाण हो कर्णाली । कर्णालीको सुन्दरता सबै नेपालीले देख्न पाउनुपर्दछ र सँगसँगै कर्णालीको व्यथा पनि काठमाडौंमा बसोवास गर्नेले बुझ्ने र सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ । रारा ताल कर्णालीका थुप्रै आकर्षक पर्यटकीय गन्तव्यमध्ये एक अनुपम प्राकृतिक सौन्दर्यतासहित आगन्तुकलाई स्वागत गरिरहेको छ ।

तालसँगैको चौरको अर्को भागतिर भने केही बथान भैँडाहरु मज्जाले चरिरहेका देखिन्थे । प्रयोगमा नआएका घोडाहरु पनि विभिन्न दिशामा फर्केर चरिरहेको हुन्छन् । यसरी घोडा, डुङ्गा, भैँडा यी तीनवटै चिजलाई निर्देशित गर्ने अरु कोही नभएर उही मान्छे थियो । यहाँका स्थानीयहरुले ताललाई पेशासँग आवद्ध गरेका छन् भने घुम्न आउने आगन्तुकले भने नयाँ ठाउँमा आफ्नो मनलाई निर्देशित गरिरहेको, साथमा आउने साथीलाई सघाइरहेको र रमाइरहेको हुन्छ । तालको संरक्षणका लागि नेपाल सरकारका निकायहरुका साथमा स्थानीयहरुको पनि ठूलो योगदान रहेको छ ।

तालबाट उत्तरतर्फ मुर्माकोट नामक बस्ती तथा डाँडाको सर्वाधिक उच्च भागलाई मुर्माटप नाम दिइएको रहेछ । ताललाई दक्षिण पारी उक्त वस्ती र नजिकैको रिसोर्ट पुग्न कि त घोडा चढेर जानुपऱ्यो कि पैदल यात्रा । तालतर्फ नै फर्केको मुर्माकोटको पाखामा केही रिसोर्टहरु सञ्चालनमा रहेछन् भने मुर्माकोट बस्तीमै केही होमस्टे समेत सञ्चालनमा ल्याइएको रहेछ । तालदेखि हिँडेको करिब दुई घण्टामा मात्र रिसोर्ट भएको ठाउँ पुग्न सकिन्छ । रिसोर्ट पुग्दा असिनपसिन बनाउँछ । कहिलेकाहीं सिमसिम पानी पर्दा जाडोले जिउ थरथर कमाउँछ । यस्तो बेला शरिरलाई तातो राख्न भित्र न्यानो ठाउँमा गएर रुमहिटर बाल्ने, तातोतातो खाना खानुपर्छ ।

भोलिपल्ट बिहान रिसोर्टबाट उकालो लाग्ने गरिन्छ मुर्माटप पुग्नका लागि । मुर्माटपमा पुगेर सूर्योदयसँगै तालको अवलोकन गर्ने धेरैको धोको हुन्छ । वर्षायाममा सूर्योदयको लालित्यमय दृश्य भेटाउन भने मुस्किलपर्दछ । डेढ दुई घण्टाको हिँडाइपश्चात् मुर्माटपमा पुग्न सकिन्छ । चारैतिरको प्रकृतिको सिर्जना नियाल्दै खासगरी आकासमै झुन्डिएजस्तो भान हुने रारा तालको दृश्यले थकान, भोकप्यास केही अनुभव हुँदैन । प्रकृतिको सुन्दरतामा रमाउन पाउँदा यी सबै कुरा बिर्सिन्छ । केही समय मुर्माटपमा बिताएर रिसोर्टमा फर्किदा तातो फापरको रोटीको स्वाद जिब्रोमै झुण्डिएको हुन्छ । यसरी राराको यात्रामा जाने जो कोहीले जीवनमा महत्वपूर्ण प्राप्ति भएको अनुभव गरेकै हुन्छन् र यो सम्झनालाई जीवनभर संगालेकै हुन्छन् ।

कर्णाली अहिले पनि टाढा छ भन्ने कुरा त रारा पुगेर काठमाडौ फर्कन सडक मार्गबाट सरासर यात्रा गर्दा पनि पूरा छ दिन लाग्दछ । राष्ट्रिय राजमार्गमा जोडिन बाँकी हुम्ला, जाजरकोट हुँदै डोल्पाको दुनैसम्म कच्ची बाटोले जोडे पनि पुलहरु बन्न बाँकी छ । सबै पालिकाहरुमा सधैँ प्रयोगमा आउने सुरक्षित सडकको उपलब्धता सम्भव हुन त केही वर्ष नै कुर्नुपर्ने देखिन्छ । यद्यपि, २०६० सालयता कर्णालीलाई उज्यालो बनाउन, कर्णालीलाई देशका बाँकी भागसँग जोड्न, शिक्षा स्वास्थ्य र उत्पादनका लागि भएको समग्र लगानी र प्रयत्न भने कम छैन ।

प्रदेशमा पहिलेको कर्णाली अर्थात कर्णाली अञ्चलबाट मुख्यमन्त्री पनि भइसके । कर्णालीका उत्पादनहरु उवा, फापर चिनो जुनेलो मार्सी चामल जडिवुटीलगायतलाई प्रवर्द्धन गर्न काठमाडौँलगायतका सहरमा पसलहरु राख्ने, यहाँका युवालाई राष्ट्रिय श्रम बजारमा बढी माग भएका सीप विकासका लागि उचित प्रवन्ध गर्ने जस्ता कामहरु गरिनुपर्दछ । रारा ताल, सिँजा, मुकुट हिमाल, मुर्माटप, चन्दननाथ रहेको जुम्ला सदरमुकामलगायत पर्यटकीय स्थानहरुलाई 'प्याकेजिङ्ग' गर्दै कर्णालीका खोँचहरुमा साहसिक पर्यटन सञ्चालन गर्ने ध्येयका साथ पुलहरु निर्माण गर्न सके स्थानीय अर्थतन्त्रलाई टेवा पुग्ने देखिन्छ ।

कर्णालीबाट बग्दै आएका नदीहरु जलविद्युत्, सिँचाइ, जलपर्यटनका लागि दिगो स्रोत पनि हुन् । हवाई यातायातका पूर्वाधारलाई थप सुदृढ बनाएर पनि थप पर्यटक भित्र्याउन सकिन्छ । यार्चागुम्बा जस्ता बहुमूल्य जडिवुटी प्रशोधन र प्याकेजिङ्ग गरेर विश्व बजारमा पठाउने सम्भावना त छँदैछ । यी सम्भावनाको अधिकतम् प्रयोग गर्न तीनै तहका सरकारहरु चुक्नु हुँदैन । फेरि पनि रारा तालको आफ्नो मौलिकता कायम राख्दै विश्व पर्यटन बजारमा पर्याप्त प्रचारप्रसार गरी नेपालकै नाम "द कन्ट्री अफ रारा लेक" भनेर समेत राख्न सकिने सम्भावना उत्तिकै छ । विदेशमा रहँदै आउनुभएका नेपालीले पनि राराको प्रचार गर्नमा पछि पर्नु हुँदैन । यसमा सञ्चार माध्यमहरुले पनि प्रचारात्मक भूमिका खेल्न सक्नुपर्छ ।

पुरानो सभ्यताको प्रमाणका साथै 'भर्जिन'रूपमै उपलब्ध प्राकृतिक सम्पदा र क्रमिक विकासको ज्वलन्त प्रमाण हो कर्णाली । कर्णालीको सुन्दरता सबै नेपालीले देख्न पाउनुपर्दछ र सँगसँगै कर्णालीको व्यथा पनि काठमाडौंमा बसोवास गर्नेले बुझ्ने र सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ । रारा ताल कर्णालीका थुप्रै आकर्षक पर्यटकीय गन्तव्यमध्ये एक अनुपम प्राकृतिक सौन्दर्यतासहित आगन्तुकलाई स्वागत गरिरहेको छ । समय र अनुकूल मौसम मिलाएर सबैले जीवनमा कम्तिमा एकपटक जीउँदै स्वर्ग देख्न सकिने यस ठाउँमा पुग्न भुल्न हुँदैन ।

**(लेखक, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन् ।)**

कविता

## भो फाइल नखोल !



बलराम तिमल्सिना

भो फाइल नखोल
फाइलभित्र कमरेड हुनुहुन्छ
फाइलभित्र कमरेड नाङ्गै हुनुहुन्छ
फाइलभित्र नाङ्गै बसेर
कमरेड समृद्धिको सपना देख्दै हुनुहुन्छ !

भो फाइल नखोल
फाइलभित्र कमरेडका छोरा छन्
फाइलभित्र कमरेडनी पनि हुनुहुन्छ
कमरेडनी पनि कान्छी कमरेडनी
तिनीहरू पनि नाङ्गै छन्
फाइलभित्र नाङ्गै बसेर तिनीहरू
कमरेडको समृद्धिको बिरुवामा
मल हाल्दै छन्/पानी हाल्दै छन् ।

फाइल नखोल भनेको सुनेनौ ?
फाइलभित्र जय नेपाल जी हुनुहुन्छ
फाइलभित्र जय नेपाल जी नाङ्गै हुनुहुन्छ
नाङ्गै बसेर जय नेपाल जी
तपस्या गरिरहनु भएको छ
शुशासनको तपस्या
ऐले फाइल खोल्यौ भने
तपस्या भङ्ग हुन्छ
शुशासन भरङ्ग हुनेछ ।
फाइलभित्र
जयनेपालजीका
स्वास्नी छोराछोरीहरू पनि छन्
ती पनि चरि नाङ्गै छन्
फाइलभित्र चरि नाङ्गै बसेर
तपस्यारत जय नेपाल जीलाई
ती चमर हम्किरहेछन् !

भएभरका फाइल खोल्यौ भने
नेपाल ह्वाङ्गै देखिन्छ
सबै नाङ्गै देखिन्छन्
हाकिम, न्यायधीश
उद्योगपति, व्यापारी
सबै नाङ्गा नाङ्गै देखिन्छन् !

फाइल खोलेर हेर्न बानी परेपछि
कपडा लगाएका मान्छे देख्दा पनि
तिमीलाई अनौठो लाग्न थाल्ने छ
तिमी आफैले पनि
कपडा लगाएको छु भनेर यकिन गर्न
पटक-पटक जीउ छाम्नु पर्नेछ
पटक-पटक ऐना हेर्नु पर्ने छ ।
कम्ता गाह्रो छ
फाइलभित्र लुकेर बस्न
त्यो पनि नाङ्गै बस्न !

कुन बेला भूइँचालो आइदिन्छ
र नाङ्गै भुतुङ्गै दौडनु पर्छ ।
यसरी मान्छेलाई
नाङ्गै दौडनु पर्ने काम गर्दै नगर
भो अब फाइल खोल्ने काम गर्दै नगर ॥

# मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म

पुस्तक समीक्षा



■ प्रकाश सिलवाल

नेपाली साहित्य र राजनीतिक व्यक्तित्व मोदनाथ प्रश्रितको बहुविधामा उल्लेखनीय योगदान रहेको छ । उनको सांस्कृतिक र साहित्यिक यात्रा अविराम छ ।

प्रश्रितले 'पचास रुपैयाँको तमसुक', 'आमाको काखमा', 'सपनाहरु उपहार देशलाई बलिदान', 'बुद्ध र चाण्डाल युवती', 'जनताको देश र सहिदको सपना' जस्ता नाटक लेखेर तत्कालीन समाज र पञ्चायत सरकारविरुद्ध जनचेतना फैलाएका थिए । यसका साथै 'मानव', 'देवासुर सङ्ग्राम', 'गोलघरको सन्देश' महाकाव्य र लघुकाव्यहरुदेखि 'नारी बन्धन र मुक्ति', 'देवकोटाको वैचारिकी विकास', 'जीवाणुदेखि मानवसम्म', 'अतितका पाइला', जस्ता प्रबन्ध र निबन्ध कृतिहरुका माध्यमबाट प्रश्रित स्थापित भएका थिए ।

छुवाछूत विरोधी कानुन बन्नुअघि नै 'मानवताको कलंक: जातपात र छुवाछूत प्रथा' कृति लेखेर समानताको बिगुल फुक्ने प्रश्रित प्राकृतिक चिकित्सा क्षेत्रमा योगसाधकका रुपमा पनि स्थापित छन् । राजनीतिक जीवनका क्रममा तत्कालीन नेकपा (माले)को नेता र पछि नेकपा (एमाले)को स्थायी कमिटी सदस्य भइसकेका र २०५२ सालमा मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा बनेको सरकारका शिक्षा तथा संस्कृतिमन्त्री प्रश्रितको व्यक्तित्व र कृतित्वका अनगिन्ती आयाम छन् ।


प्रश्रितका बहुप्रतिभाशाली व्यक्तित्व र कृतित्वबारे विभिन्न प्रकाशन र व्यक्तिले शोध, अध्ययन र प्रकाशन गर्नेक्रम जारी रहेको छ । नरेन्द्रराज प्रसाईंको लेखन र नइ प्रकाशनको प्रकाशनमा 'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म' (२०७९) जीवनीपरक कृति बजारमा आएको छ । यो कृति प्रश्रितबारे लेखिएकामध्ये फरक शैलीयुक्त, रोचक र अधिकतम आधिकारिक एवम् विश्लेषणपरक देखिन्छ, जसलाई स्वयम् प्रश्रितले 'मेरो समग्र जीवनको एउटा स्पष्ट आकृति भएको मैले ठहर गरेको छु । आफ्नो सिद्धान्तमा बज्र र चट्टान झैं मानिएका एउटा गैर गणतान्त्रिक लेखकबाट मेरो जीवनी कृति लेखिनु विशेष आश्चर्यको कुरा त हुँदै हो तर पनि यति निष्पक्ष र खुलस्त भएर मेराबारे लेखिएको घटनालाई अर्को आश्चर्य नै मान्नुपर्ने हुन्छ", भनी भूमिकामा उल्लेख गरेकोबाट स्पष्ट हुन्छ ।

पुस्तकमा प्रश्रितले आर्थिक संकट टार्न मदन पुरस्कारबाट प्राप्त पुरस्कारको चाँदी बेचेर रु दुई सय ६२ लिनुपर्दा उनी धुरुधुरु रोएको सन्दर्भदेखि प्रधानमन्त्रीसम्म हुने प्रश्रितको योग्यता भए पनि उनको नेपालवादी (राष्ट्रवादी) छविकै कारण त्यो हैसियत खोसिएको टिप्पणी गरिएको छ । हुन त 'मानव' महाकाव्यका लागि वि.सं. २०२४ मा प्राप्त उक्त पुरस्कारको राशि नै त्यसबेला चार हजार रुपैयाँ थियो, त्यो पाउँदा प्रश्रित निकै खुसी भएको पुस्तकमा उल्लेख छ ।

> “मोदनाथ प्रश्रितको जीवनी र व्यक्तित्व, नेपालको कम्युनिष्ट इतिहास, नेपालका सांस्कृतिक रुपान्तरण र महिला तथा जातीय मुक्तिका अभियानमा चासो राख्ने र अध्ययन गर्नेका लागि यो पुस्तक उपयोगी देखिन्छ ।

वि.सं. २०६३ को लोकतान्त्रिक परिवर्तनपछि कम्युनिष्ट र कांग्रेसले हरेक पुस २७ गतेको मनाइने पृथ्वीनारायण शाहको जयन्तीलाई बहिष्कार गरेका बेला प्रश्रितले राष्ट्रनिर्माता शाहको सालिकमा माल्यार्पण गरी कविता वाचन गरेका घटना र प्रश्रितका पिता घनश्याम पौडेल नेपाली कांग्रेसको राजनीतिमा आबद्ध रहेको सन्दर्भसँगै प्रश्रित पनि सुरुमा कांग्रेसमा आबद्ध भएको विषय पुस्तकमा छ ।

अर्घाखाँचीको खिदिमस्थित हर्राबोटमा वि.सं. १९९९ असार ६ गते आर्थिकरुपमा सामान्य परिवारमा जन्मिएका प्रश्रितको बाल्यकालको नाम गौरीप्रसाद पौडेल थियो । उनी घरमै संस्कृत साहित्य, ज्योतिष, आयुर्वेद एवम् धार्मिक शास्त्रहरु पढ्ने अवसर मिलेको थियो भने विद्रोही स्वभावले चुलिएका




क्रान्तिकारी रहेका प्रश्रितलाई सानोमा माटोको मूर्ति बनाउने, वेद चण्डी, रुद्री आदि पाठ गर्ने व्यक्तिका रुपमा चिनाइएको छ । उनी हरिहर संस्कृत पाठशालामा शिक्षक हुँदै पछि भारतको 'प्रगतिशील अध्ययन मण्डल' स्थापना र पुष्पलालसँगको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टीको काममासम्म क्रियाशील भए । नेपाल फर्केपछि पटक-पटक जेलनेल परेका प्रश्रितले प्रहरीको कुटाइबाट बेहोससम्म हुनुपरेको परिघटना मार्मिकरुपमा प्रस्तुत गरिएको छ । त्यसबेला जेलमा रहेका मोहचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, केपी शर्मा ओलीसहित सँगका बसउठका सन्दर्भ लेखक प्रसाईंले समेटेका छन् ।

यसबेला कुन नेताको स्वभाव र खानपिनको बानी कस्तो थियो भन्ने पनि यहाँ चर्चा गरिएको छ । जननेता मदन भण्डारीले 'मेरा राजनीतिक र साहित्यिक गुरु मोदनाथ प्रश्रित हुन्' भनेका विषय, साहित्यकार एवम् पूर्वमन्त्री शान्ता मानवीले वि.सं. २०३३ मा आफूले जोडेको कानका टप बेचेर प्रश्रितको 'नारी बन्धन र मुक्ति' कृति छपाएको घटना पनि जीवनीमा समेटिएको छ ।

पुस्तकमा प्रश्रित शिक्षामन्त्री भएका बेला सामुदायिक विद्यालयमा कक्षा आठसम्म निःशुल्क गराइएको, १२ वर्षदेखि ४५ वर्ष उमेरका नागरिकलाई दुई वर्षभित्र साक्षर बनाउने योजना ल्याएको, शिक्षामा मातृभाषालाई प्राथमिकता दिने नीति ल्याएको, पिछडिएका जातिका विद्यार्थीलाई छात्रवृत्तिका कार्यक्रम ल्याएको, प्राविधिक शिक्षामा जोड दिएको, राष्ट्रिय प्रतिभा पुरस्कारको थालनी भएको आदि अनेक सुधार र सांस्कृतिक रुपान्तरण कामबारे सविस्तार उतारिएको छ ।

राजनीति र साहित्यको आरोह अवरोहका क्रममा प्रश्रितले ऋणधन गरेर स्वयम्भूपारी पहिलो घर 'गौंथलीको गुँड' बनाएको र पछि त्यसलाई बेचेर थानकोटको वाणास्थलीमा एक रोपनी जग्गा किनेर नयाँ घर बनाउन पुगे । पछिल्लो दशकका नेपाल प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्य पनि भएपछि प्रश्रितको आर्थिक जीवन सहज भएको देखिन्छ भने उनका छोरा डा. विजय पौडेल आफ्नै व्यवसाय र राजनीतिक क्षेत्रमा पनि आबद्ध भएकाले पनि थप सहजता भएको हुनसक्छ ।

समग्रमा प्रश्रितका बाल्यकालदेखि हालसम्मका राजनीतिक, साहित्यिक, सांस्कृतिक र सामाजिक मोर्चाका मुख्य-मुख्य घटना र सन्दर्भलाई प्रसाईंले केस्राकेस्रा केस्रा केलाएका छन् । प्रश्रितकका कृतिको संक्षिप्त परिचय र उनको संयोजकत्वमा सम्पन्न महाकवि देवकोटाको शतवार्षिकी समारोहका गतिविधिसमेत समेटिएका छन् । मोदनाथ प्रश्रितको जीवनी र व्यक्तित्व, नेपालको कम्युनिष्ट इतिहास, नेपालका सांस्कृतिक रुपान्तरण र महिला तथा जातीय मुक्तिका अभियानमा चासो राख्ने र अध्ययन गर्नेका लागि यो पुस्तक उपयोगी देखिन्छ ।

## तपाईंको राशिफल

मेष : सबै कार्यमा सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् ।
वृष : वाहन सावधानी राख्नुहोला । धैर्यता राख्नुपर्छ ।
मिथुन : शान्तिमा वृद्धि हुने योग छ । आर्थिक लाभ मिल्नेछ ।
कर्कट : सफलता प्राप्त हुनेछ । विरोधी कमजोर हुनेछन् ।
सिंह : बाहिरी सहयोगमा वृद्धि हुनेछ । नयाँ काममा सफल मिल्नेछ ।
कन्या : खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । यात्रा सफल हुनेछ ।
तुला : प्रसिद्धिमा वृद्धि हुनेछ । शैक्षिक प्रगति हुने योग छ ।
वृश्चिक: विधार्थीहरुको लागि समय उत्तम छ । धार्मिक कार्यमा खर्च हुने योग छ ।
धनु : यात्रा सफल रहनेछ । सबै कार्यमा सफलता प्राप्त हुनेछ ।
मकर : खर्चमाथि नियन्त्रण राख्नुहोला । सभा समारोहमा सहभागी हुने योग छ ।
कुम्भ : धनलाभमा कमी आउनेछ । विरोधी सक्रिय रहनेछन् ।
मीन : सामान्य रुकावटले अशान्ति दिनेछ । आत्मविश्वास राख्न जरुरी छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# वडा अध्यक्ष कंडेलसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कपिलवस्तुको विजयनगर गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष तिलकराम कंडेलसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा उनीहरुविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

वडा अध्यक्ष कंडेलले शंकरपुर तालको ठेक्काबापतको रकम विजयनगर गाउँपालिकाको खातामा जम्मा नगरी आफैंले लिएर सार्वजनिक सम्पत्ति ६ लाख १० हजार रुपैयाँ हिनामिना गरेको अख्तियारले दावी गरेको छ। कंडेलविरुद्ध ६ लाख १० हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)( ख) बमोजिम कैद सजाय गरी जरिवाना गर्न मागदाबीसहित मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए। यस्तै साविक पत्थरदेइया गाउँ विकास समितिको कार्यालयबाट शंकरपुर तालको ठेक्का कार्यमा पत्थरदेईया गाउँ विकास समितिको कार्यालयका तत्कालीन गा.वि.स. सचिव कृष्ण कुमार चौधरी र ठेकेदार सेराज महम्मदबीच सम्झौता भएकोमा ठेक्का सम्झौतामोजिमको रकम दाखिला नभएको र हालसम्म पनि २ लाख ७० हजार रुपैयाँ विजयनगर गाउँपालिकाको खातामा जम्मा हुन बाँकी नै रहेको पाइएको अख्तियारले बताएको छ। उनीहरुविरुद्ध २ लाख ७० हजार रुपैयाँ बिगो कायम गरी कैद तथा जरिवानाका साथै बिगोसमेत असुल उपर गर्न माग गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता दाहालले बताए।

# कर्णालीमा भदौ ४ गते सार्वजनिक बिदा




**कलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १ भदौ

कर्णाली प्रदेशमा भदौ ४ गते सार्वजनिक बिदा हुने भएको छ। प्रदेश स्थापना तथा शहीद दिवस र साउन शुक्ल पञ्चमी अर्थात् नाग पञ्चमीको अवसरमा कर्णाली प्रदेश सरकारमा सार्वजनिक बिदा दिइने भएको हो।

कर्णाली प्रदेश सरकारले गत वर्षको चैत्र २९ गते नै प्रदेश स्थापना तथा सहिद दिवस र नाग पञ्चमीको दिन बिदा दिने निर्णय गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका शाखा अधिकृत निर्मला रेग्मीले जानकारी दिइन्।

मन्त्रालयले शुक्रबार एक सार्वजनिक सूचना जारी गर्दै भदौ ४ गते सोमबार कर्णाली प्रदेशस्थित सबै सरकारी तथा सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिइने निर्णय भएको जानकारी गराएको छ।

# अनेरास्ववियु जिल्ला कार्यसमिति सिरहाको बैठक सम्पन्न



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १ भदौ

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) जिल्ला कार्यसमिति सिरहाको बैठक सिरहामा सम्पन्न भएको छ। जिल्ला समन्वय समितिको कार्यालय, सिरहाको भवनमा बुधबार सम्पन्न बैठकमा प्रदेश अधिवेशन र पालिका कमिटी गठनलगायत विभिन्न समसामयिक विषयमा छलफल भएको अनेरास्ववियु जिल्ला उपसचिव मोहम्मद मुस्तफा अजहरीले मध्यान्हलाई बताए।

अध्यक्ष पप्पू कुमार मंडलको अध्यक्षतामा सम्पन्न बैठकमा एमाले पार्टी जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, एमाले जिल्ला उपाध्यक्ष तथा सिरहा नगरपालिका मेयर डा. नवीन कुमार यादव, एमाले जिल्ला सचिव तथा भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्र नारायण यादव, पूर्वसभाविधान सभा सदस्य आशा यादव, नेकपा एमाले प्रदेश सदस्य शिव शंकर यादव, अनेरास्ववियु केन्द्रीय सदस्य सतेन्द्र यादव, अनेरास्ववियु मधेश प्रदेश सचिव सचिन चन्द्र सिंहलगायत कार्यसमिति पदाधिकारीहरुको उपस्थिति रहेको थियो।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८०/०५/०२

श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/२८ को निर्णयअनुसार यस जयश्वरी बिजुवा उपचार केन्द्र प्रा.लि.कम्पनीको नाम परिवर्तन गरी सुमी जेम्स एण्ड एन्टीक स्टोर प्रा.लि.ले सकाने व्यहोरो गरी नाम परिवर्तन गर्ने स्विकृति प्राप्त भएको हुदाँ सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सुमी जेम्स एण्ड एन्टीक स्टोर प्रा.लि.
(Sumi Gems and Antiqe Store Pvt.Ltd.)
प्रा.लि.नं. २९२६९/०७५/०७६)
का.जि.का.म. न.पा. वडा नं.-२३

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
## सूचना
प्रकाशित मिति: २०८०/०५/०२

**ठेगाना परिवर्तन सम्बन्धी सूचना**

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **एलायन्स टेक्निकल कन्सल्ट प्रा.लि.** (इ.प.नं. ०७) को साविक **काठमाडौं जिल्ला का.म.न.पा. ०३ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. नं. ११** मा कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको सम्पर्क दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी: HAPPY FOOD PACKAGING FACTORY — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८०/०५/०१ — चलानी नं.: ६०२०६३४५ — L.T. No.: 291111

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Packaging | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: TAKWEEN AL-ROWAD GENERAL CONTRACTING COMPANY — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८०/०५/०१ — चलानी नं.: ६०२०६३४४ — L.T. No.:291112

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## कतारमा रोजगार
कम्पनी: AL GAZAL BUSINESS SOLUTIONS W.L.L — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८०/०५/०१ — चलानी नं.: ६०२०६३८८ — L.T. No.: 291201

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- कतारको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## कुवेतमा रोजगार
१.कम्पनी: SHATI AL-SHAMCE GENERAL TRADING & CONTRACTING CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति:२०७९/०३/२३ — चलानी नं.: ६०१८२८२८ — LT. No.: 266938 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८९६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wheel Loader Operator | 10 | 0 | | 180 | ७७५८७ | | | | | | | |
| 3. | Grader Operator | 10 | 0 | | 180 | ७७५८७ | | | | | | | |
| 4. | Bulldozer Operator | 5 | 0 | | 180 | ७७५८७ | | | | | | | |
| 5. | Cleaner/labor (indoor) | 63 | 0 | | 85 | ३६६३८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**BAIBHAV OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com

## साउदीमा रोजगारको अवसर
कम्पनी: SHAQRA WATER BOTTLING FACTORY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०४/३२ — चलानी नं.: ६०२०६३३२ — L.T. No.:291094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


